श्री ५ को सरकार

## अर्थ मन्त्रालयको

## सूचना

श्री ५ को सरकारले नेपाल मुद्रा ऐन, २०१९ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी विश्व खाद्य कृषि संगठनको अनुरोधमा निम्न डिजाइन, नाप र तौलको असर्फी संकलनकर्ताहरूलाई बिक्री गर्न अर्थ मन्त्रालय, टकसार तथा नाप तौल विभागबाट टकमरी गराउने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ।

| असर्फी | एकापट्टि | अर्कोपट्टि | धातु | तौल | डाइमिटर | मुद्रणगरिने थान |
|---|---|---|---|---|---|---|
| ¼ | घेरामा चौंसट्ठी थोप्ला त्यसको मुनि "उन्नत खेती सिकौं" दायाँ "असर्फी" बायाँ नारी वर्ष समितिको नामाँकित चिन्ह, असर्फीको माथि मोहर सरह "श्री भवानी" बीचमा २०३७ किताब पल्टाइरहेकी केटीको फोटो त्यसको मुनि "नेपाल" दायाँ बायाँ जौको बाला। | "श्री ५ वीरेन्द्र वीर विक्रम शाहदेव" | ९०० हजार कडा शुद्ध सुन | २.५ ग्रा. | १९.५ मि.मि. | १,००० सम्म |
| ½ | " | " | " | ५.०,, | २३.५,, | " |
| १ | " | " | " | १०.०,, | २७.५,, | ,, |

आज्ञाले—

गोरक्षबहादुर न्हुछे प्रधान

श्री ५ को सरकारको सचिव

252

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## अर्थ मन्त्रालयको

## सूचना

श्री ५ को सरकारले नेपाल मुद्रा ऐन, २०१६ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी विश्व खाद्य कृषि संगठनको अनुरोधमा निम्न डिजाइन, नाप र तौलको मुद्रा चलन चल्ती र सङ्कलनकर्ताहरूलाई बिक्रीको निमित्त अर्थ मन्त्रालय, टकसार तथा नाप तौल विभागबाट टकमरी गराउने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

| मुद्रा | एकापट्टि | अर्कोपट्टि | धातु | तौल | डाइमिटर | मुद्रण गरिने थान |
|---|---|---|---|---|---|---|
| ५।– | घेरामा चौंसट्ठी थोप्ला त्यसको मुनि "उन्नत खेती सिकौं" दायाँ "रू. ५" बायाँ नारी वर्ष समितिको चिन्ह रू. ५ को माथि "श्री भवानी" बीचमा किताब पल्टाइरहेकी केटीको फोटो त्यसको मुनि "नेपाल" दायाँ बायाँ जौको बाला । | "श्री ५ वीरेन्द्र वीर विक्रम शाहदेव" नामाङ्कित मोहर सरह २०३७ | ७५% तामा २५% निक्केल | ९ ग्रा. | २९मि.मि. | ५०,००० सम्म |

आज्ञाले–

गोरक्षबहादुर न्हुछे प्रधान

श्री ५ को सरकारको सचिव

२५८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग